
**हस्पिटल वा स्वास्थ्य संस्थामा कोभिड-१९बाट संक्रमित भइ उपचार गराइ रहेका ब्यक्तिहरुको बिबरण IMU सिस्टममा भर्नको लागि निम्न अनुसारको तरिका अपनाउनुहोस।**

१) सबै भन्दा पहिला तपाईको अस्पताल/ आइसोलेसन वा स्वास्थ्य संस्थाको दर्ता IMU सिस्टममा भए नभएको निश्चित गर्नुहोस। दर्ता छ भने तपाई सँग IMU सिस्टममामा लगइन गर्ने प्रयोगकर्ता र पासवर्ड हुनु पर्दछ। यदि छैन भने IMU सिस्टममामा लगइन गर्ने प्रयोगकर्ता र पासवर्डको लागि आफ्नो स्वास्थ्य संस्था वा आइसोलेसनको पुरा नाम, ठेगान, सम्पर्क ब्यक्तिको नाम र फोन नम्बर र स्वास्थ्य संस्थाले कोभिड-१९मा दिएका सेवाहरु (जस्तै स्वाब संकलन, स्वाबको परिक्षण/जाँच, कोभिड संक्रमितको उपचार इत्यादि) कुन-कुन छन भनि imucovidnepal@gmail.com मा इमेल पठाउनु होला।

२) IMU सिस्टममामा लगइन गर्ने प्रयोगकर्ता र पासवर्ड छ भने यो http://imucovid19.mohp.gov.np लिङ्कमा जानुहोस र प्रयोगकर्ता पासवर्ड राख्नुहोस।

३) पहिलो पटक लगईन गर्नासाथ आफ्नो प्रोफाईल सम्पादन गर्नुहोस। यो गर्नको लागि तल देखाएको चित्र जस्तै माथि दाहिनेकुनामा मान्छे जस्तो देखिने ठाउमा तपाईको प्रयोगकर्ता नाम देख्नुहुने छ। त्यसै सँग जोडिएको "v" चिन्ह देख्नुहुने छ। त्यहा क्लिक गर्दा "**Edit Profile**" देख्नु हुनेछ। त्यसमा क्लिक गर्नुहोस।




यो प्रोफाएलमा आफ्नो संस्थाको पुरा बिबरण भर्नुहोस। जस्तै नाम, फोन, इमेल इत्यादि

भरिकान अन्त्यमा Update गर्नुहोला।

त्यस्तै गरि चित्रमा देखाएजस्तै गरि "Message" इनबक्स देख्नु हुने छ। यस ठाउमा तपाईहरुलाई कुनै महत्वपूर्ण सूचना पठाइएको हुन सक्दछ। यहाँबाट हेर्नुहोस। साथै तपाईलाई कुनै प्राबिधिक समस्या परेमा यस ठाउबाट "Create New Message" मा जानुहोस र आफ्नो समस्या पठाउनुहोस। Subject: मा बुझिने गरि समस्यको बिषय राख्नुहोस भने तल Message मा समस्याको बारेमा बुझिने गरि बिस्तातमा बुझाउनुहोस। यो समस्या वा सूचना कस्लाई पठाउने हो उस्लाई √ (ठिक चिन्ह) लगाउनुहोस। प्राबिधिक समस्या परेमा


**Contact IMU Nepal technical support team**

- ☑ IMU Nepal support team
  Lazimpat, Kathmandu

Email : imucovidnepal@gmail.com

यसरि चिन्ह लगाएर अन्तिम (पेजको पुछारमा) पुगेर **“Submit”** मा क्लिक गर्नुहोस। तपाईलो सूचना सम्बन्धित संस्था व ब्यक्तिले प्राप्त गर्नुहुने छ।

त्यस्तै गरि अब लगईन गरिसके पछि सबै भन्दा अगाडि तपाईको ड्यासबोर्ड देखिने छ। यसबाट तपाईले आफ्नो आवश्यकता अनुसार धैरै कामहरु गर्न सक्नु हुने छ। चित्रमा देखाएको जस्तै गरि





यसरि यो ड्यासबोर्डमा तपाईले धैरै नै सुबिधाहरु पाउन सक्नु हुने छ। कोभिड-१९ को केस दर्ता गर्ने स्वाब संकलन देखि लिएर, स्वाबको परिक्षण नतिजा, दैनिक स्वास्थ्य जाँचको बिबरण, कन्ट्याक्ट ट्रेसिङ जस्ता सुबिधाहरु मोबएल एपमा राखिएका छन। गुगल प्ले स्टोरमा गएर “IMU Nepal” भनि सर्च गरि तपाईले यो एप डाउनलोड गर्न सक्नु हुने छ। यस सम्बन्धि थप जानकारि मुलक भिडियोहरु निम्न अनुसारको युटुब लिङ्कमा प्राप्त गर्न सक्नु हुनेछ https://www.youtube.com/channel/UCh9lLuWsok0Zj2v7k7sZxNw

**अस्पताल वा आइसोलेसन केन्द्रहरुमा उपचार्थ राखिएका कोभिडका बिरामिहरुको बिबरण कसरि भर्ने?**

यो बिबरण भर्नु अगाडि अस्पताल वा आइसोलेसन केन्द्रमा कोभिडका केसहरु कसरि आउदछन भन्ने कुरा बुझ्नु पर्दछ। कुनै पनि ब्यक्ति पोजेटिभ टेस्ट भए पछि मात्र उपचारको लागि अस्पताल वा आइसोलेसन ( वा होम आइसोलेसन) मा पुग्दछन। त्यसकारण उक्त ब्यक्ति पोजेटिभ हो वा होइन भन्ने कुरा नेपाल सरकारबाट मान्यता प्राप्त कोभिड-१९ को ल्याब परिक्षणको नतिजाले देखाउछ। साथै कतिपय ठाउमा

र्यापिड एन्टजेन परिक्षण गरि त्यसको प्रमाण भएका ब्यक्ति मात्र यस सिस्टमा राख्नु पर्दछ। यस्का लागि सबै भन्दा पहिला उक्त ब्यक्तिले कुन ल्याबमा जाँचगरेको हो उक्त ल्याबको नाम अनिबार्य रुपमा IMU System मा दर्ता हुनु पर्दछ। बिभिन्न कारणले गर्दा त्यस्ता संस्थाहरु दर्ता छैन भने तपाईले आफ्नै संस्थाको नाम छान्नु पर्ने हुन्छ। कतिपय अवस्थामा ल्याब ID उपल्बध हुदैन। त्यस्तो अवस्थामा NA वा अन्य आफुलाई बुझ्न सजिलो हुने Reference Code राख्न सक्नु हुनेछ

माथि बाताइए अनुसार कोभिड-१९ बाट संक्रमितको उपचारार्त रकम भुक्तानि लिनको लागि तल चित्रमा देखाए अनुसार “Case Payment” मा जानुहोस




नयाँ केस दर्ता गर्नको लागि **+ Create ->** थिच्नुहोस तपाईले यस प्रकारको फारमा देख्नु हुने छ। सबै भन्दा माथि ल्याबको नाम छान्नुहोस भन्ने आउछ। ल्याबको नाम अङ्ग्रेजि अक्षरबाट टाइप गर्नु पर्ने हुन्छ। सिस्टमले मिल्ने खालका नामहरु देखाउछ त्यसबाट तपाइले चाहेको ल्याब भेट्न सक्नु हुने छ।



Search Lab ID in IMU

Lab Name

Type Lab Name to search informations ..

Lab ID

Enter Lab ID here

Search

यहाँ तपाईले अनिबार्य रुपमा ल्याबको नाम खोज्नु पर्दछ। त्यसको लागि ल्याबको नामको अगाडिको केही अक्षर टाइप गरेमा ल्याबको नामको लिष्ट देखिने छ। आफूले खोजेको ल्याबको लिष्टलाई Click गर्नुहोस र उक्त केसको Lab ID राखेर Search मा थिच्नुहोस। यदि छ भने केसको नाम देखिने छ। केस भेटिएन भने पनि आफ्नो संस्थाकै नाम राखि अगाडि बढ्नहोस।

Hospital Reg. ID for Case

केसको हस्पिटलमा दर्ता भएको ID लेख्नुहोस

Register Date

केस दर्ता भएको मिति छान्नुहोस।

Name

केसको पुरा नाम थर लेख्नुहोस

Age

केसको उमेर लेख्नुहोस

Gender

Male Female Other

Phone

केसको सम्पर्क फोन अनिबार्य लेख्नुहोस

Address

यहाँ अनिवार्य केसको पुरा ठेगाना, जिल्ला, पालिका, वार्ड नं. टोल लेख्नुहोस

Health Condition

Please Select Medical Condition

Self Free

केस सोयंले खर्च गर्ने हो वा नि:शुल्क हो भनि छान्नुहोस

केसको स्वास्थ्य अवस्था कस्तो छ छान्नुहोस।

Parent/Guardian Name

केसको संरक्षक वा अभिवावकको नाम अनिबार्य लेख्नुहोस।

Treatment Outcome

Under Treatment Discharge Death

केसको अन्त्य कसरि हुदै छ अनिबार्य लेख्नुहोस।

Remarks

यदि केस कुनै अन्य अस्पतालबाट रिफर भएर आएको हो वा अन्य कुनै महत्वपूर्ण सूचाना भएमा यहा लेख्नुहोस।

अब Save मा थिच्नुहोस


Save

ल्याबको नाम र उक्त ल्याबले दिएको कोभिड-१९ कसेको परिक्षण गर्दाको Lab ID राख्दा केस भिटिएमा तपाईले उक्त केसको ब्यक्तिगत बिबरण त्यहि प्राप्त गर्नु हुने छ र बाँकि अन्य

बिबरण मात्र भरे पुग्दछ। तर कुनै कारणबस Lab ID नदेखिन सक्दछ। उक्त तोकिएको ल्याबमा Lab ID बाट केस नभेटिनु भनेको उक्त केसको बिबरण उक्त ल्याबले IMU System मा इन्ट्रि नहुन सक्दछ। यस्तो अबस्थामा तपाइले उक्त केसलाई दिएको ल्याब आइडि नै राखेर केसको सबै बिबरण भर्नुहोस सेभ गर्नुहोस।

**नोटः यसरि उक्त केसको बिबरण नभेटिदा रकम भुक्तानिको लागि प्रमाण जुटाउन समय लाग्न सक्दछ। त्यसकारण उक्त ल्याबलाई जसरि पनि आफ्नो ल्याबको बिबरण IMU System मा राखन्न लगाउनुहोस। यदि उक्त ल्याबलाई कुनै प्राबिधिक समस्या परेको भए IMU System को प्राबिधक सपोर्ट मा सम्पर्क गर्न लागाउनुहोस।**

**तर कतिपय बेला नगरपालिकाकाले Rapid Antigen परिक्षण गरि पोजेटिभ टेस्ट केसलाई आइसोलेसन वा अस्पताल पठाएका छन। त्यस्तो अवस्थामा ति केसलाई खोज्नको लागि उक्त Rapid Antigen परिक्षण गर्ने संस्था वा CICT Team वा उक्त संस्थाले IMU System मा प्रयोग गरेको UserName Account के हो भनि थाहा पाउनु पर्दछ उक्त एकाण्टलाई स्वाब परिक्षणको अनुमति IMU System मा दिनु। त्यसको लागि सम्बन्धित CICT को हकमा सम्बन्धित पालिकाले वा अन्य संस्थाको हकमा संस्थाले IMU को सपोर्टमा खबर गर्नु पर्दछ। नगरपालिकाले चित्रमा देखाएको जस्तो गरि Organization Type:** Sample Collection and Sample Test (Both) भन्ने अनुसार Organization Type परिवर्तन गर्नु पर्दछ।




यो काम उक्त संस्था रहेको पालिकाले गर्न सक्दछ। यसरि ल्याबको Organization Type : Both (Sample Collection & Lab Test) हुनु आवश्यक छ। अन्यथा ल्याव खोज्दा नदेख्ने हुन सक्दछ। यो काम, पालिका, जिल्ला र प्रदेश सबैले गर्न सक्ने छ।

यदि Lab ID नै भेटिएन भने र अस्पतालमा केसले ल्याएको पोजेटिभ भेरिफिकेसन रिपोर्ट कुन ल्याबबाट आएको हो त्यो ल्याबको नाम जसरि पनि IMU मा इन्ट्री भएकै हुनु पर्दछ। तर कुनै प्राबिधिक त्रुटिका कारण उक्त ल्याब नम्बर छैन भने पनि पेपरमा भएको Lab ID त्यो Lab ID: को ठाउमा लेख्न मिल्दछ। यसरि लेख्दा केसको सबै कुरा फारममा भर्नु पर्दछ।

यसरि केसको दर्ता गर्ने काम भैसके पछि अब केस सेभ भयो कि भएन र रिपोर्ट कस्तो भयो भनि हेर्ने वा रुजु गर्नुहोस। त्यसको लागि

४) यसरि दर्ता भैसकेको सबै बिबरणहरु **+ Report ->** दर्ता गरिएका केसहरुको सारांश हेर्नको लागि यहा थिच्नुहोस। यहाँ तपाईले यस प्रकारको फारम देख्नु हुने छ।

**यहाँ देखिएको सबै रिपोर्टलाई राम्रो सँग रुजु गर्नुहोस। यदि नमिलेमा कुन मिलेन भनि हरेक दर्ता गरिएको केस हेर्नु पर्ने हुन्छ। त्यसकारण हरेक दिन केसको दर्ता गरिसके पछि यो रिपोर्ट हेर्ने गर्नुहोस ताकि भविष्यमा कुनै त्रुटि नहोस।**


Period

04/23/2021

Get

| 1. Total beds allocated for COVID-19 | General (A) | ICU (B) | | |
|---|---|---|---|---|
| | 10 | 20 | 5 | 30 |

| | Total | Free Treatment |
|---|---|---|
| 2. Total number of COVID-19 patients today | 0 | 0 |
| a. Patients without symptoms | 0 | 0 |
| b. Patients with mild symptoms | 0 | 0 |
| c. Patients with moderate symptoms | 0 | 0 |
| d. Patients with severe symptoms in ICU(other than ventilator) | 0 | 0 |
| e. Patients with severe symptoms in ventilator | 0 | 0 |

| 3. Number of patients registered today | Total | Free Treatment |
|---|---|---|
| a. Admission | 0 | 0 |
| b. Discharge | 0 | 0 |
| c. Death | 0 | 0 |

HMIS ( DHIS2 ) को Username र Password राख्नुहोस


माथिको चित्रमा देखाए जस्तै गरि रिपोर्टमा गएर तपाइले सबै भन्दा माथिको क्यालेन्डरबाट मिति छानि कुन दिनको रिपोर्ट हेर्ने हो त्यहि अनुसार गर्नुहोस र रिपोर्ट रुजु गर्नुहोस।

**यसरि हरेक दिनको रिपोर्ट राति १२ बजे भित्र DHIS2 मा पठाइ सक्नु पर्ने छ।**

**------------ -------------------------- --------------------**

## लिस्टमा कसरि हेर्ने र कोभिड-१९ केसको स्वास्थ्यको अवस्था कसरि परिवर्तन गर्ने

हरेक कोभिड-१९ का केसहरुको ब्यक्तिक बिबरणहरु तपाईहरुले डाउनलोड गरेर राख्न सक्नु हुने छ। यो हेर्नकोलागि तल चित्रमा देखाएको जस्तै गरि





Under Treatment: अहिले उपचारमा रहेका केसहरु यसमा हेर्नुहोस

Discharge: डिस्चार्ज भइसकेका केसहरु यसमा हेर्नुहोस

Death: मृत्यु भनि घोषणा भइसकेका केसहरु यसमा हेर्नुहोस


कोभिड-१९ का केसहरुको लिस्ट यस प्रकार देखिने छ। आवश्यकता अनुसार यि केसहरु आफ्नो अफिसियल प्रयोजनको लागि डाउनलोड गर्न सकिने छ। साथै बिरामि अवस्था परिवर्तन गर्नु परेमा Edit मा क्लिक गरि गर्न सकिने छ।



## होम आइसोलेसनको ब्यबस्था कसरि गर्ने

होम आइसोलेसनको बारेमा बिभन्न पालिकाहरुले आ-आफ्नो तरिकाले रकम भुक्तानि गरिने भएकाले IMU System ले होम आइसोलेसनको ब्यक्तिगत बिबरण मात्र राख्ने गरेको छ र त्यसको समग्र एकिकृत बिबरण सरकारलाई उपलब्ध गराउदछ। तर यो बिबरणको एकिकृत बिबरणलाई IHMIS को सिस्टममा पठाइदैन।

होम आइसोलेसनको ब्यबस्थापनको लागि हरेक पालिकाले आफु अन्तर्गत भैरहेका CICT एकाण्टलाई आफैले बुझिने गरि सम्पादन गरि उक्त CICT एकाण्टलाई क स्तो खालको संस्था हो भनि छान्न सक्ने छन। जस्मा Home Isolation / Normal भनि छान्न पाउने छन। तलको चित्रमा देखाएको ठाउमा नै गएर परिवर्तन गर्न सकिने छ।




कुनै पनि प्राबिधिक समस्या पर्दा हामिलाइ तल दिइए अनुसार आफुलाइ पायक पर्ने सम्पर्क नम्बरमा सम्पर्क गर्नु होला वा IMU को इमेल - ठेगानामा इमेल पठाइदिनु होला।

## धन्यबाद